

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस ४ गते बुधबार ❑ 20 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## आदर्श र सिद्धान्तलाई स्थापित गर्दै अघि बढ्नुपर्छ : सभापति देउवा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ पुस



नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले आदर्श र सिद्धान्तलाई स्थापित गर्दै पार्टीलाई थप सुदृढ गरी अघि बढ्नुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेश सम्मेलनको मंगलबार पोखरामा उद्घाटन गर्नुहुँदै उहाँले पार्टीलाई एकताबद्ध बनाउँदै लैजान सके बहुमत र त्यो नभए सबैभन्दा ठूलो पार्टी बनाउने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल आदिवासी, जनजाति, दलितलगायतको साझा देश भएको उल्लेख गर्दै सभापतिदेउवालेसबैलाईएकसाथ समेटेर लैजानुपर्ने बताउनुभयो । "कुनै पनि पार्टीको बहुमत छैन, त्यसैले कुनै न कुनैसँग मिलेर सरकार बनाउनुपर्ने बाध्यता छ, आवश्यकता पनि यही हो", उहाँले भन्नुभयो।

कांग्रेसको आदर्श र सिद्धान्तमा अन्य पार्टी पनि आएका र त्यसमानेमा पार्टीको जित भएको उहाँको भनाइ थियो । सभापति देउवाले भन्नुभयो- "बहुदलीय प्रजातन्त्र हाम्रो सिद्धान्त र आदर्श हो, यसमा समावेशी र समानुपातिक पनि राखिएको छ ।" नेपाली कांग्रेसका उपसभापति एवं कानुनमन्त्री धनराज गुरुङले आम कार्यकर्ताको भावनालाई आत्मसात् गर्दै पार्टी सङ्गठनलाई अघि बढाउनुपर्नेमा जोड दिनुभयो । पार्टीका महामन्त्री गगनकुमार थापाले कांग्रेसका लागि काम गर्न धेरै अवसर रहेको उल्लेख गर्दै जनताको निरसा हटाउने गरी काम गर्न जरुरी भएको बताउनुभयो । विधानमा उल्लेखित विषयको पालना गर्दै विधि र पद्धतिअनुसार पार्टी सङ्गठनलाई अघि बढाउने कुरामा सबै लाग्नुपर्ने उहाँको भनाइ थियो । पार्टीका अर्का महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसले धेरै सङ्कट पार गरेर आएकाले विद्यमान समस्याको सहजै समाधान गर्नसक्ने जिकिर गर्नुभयो । हरेक समय चुनावको चिन्ता गर्ने नभई देशको चिन्ता गरी अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । कांग्रेसका वरिष्ठ नेता शेखर कोइरालाले गुटका कारण कांग्रेस कमजोर बन्न नहुने भन्दै पार्टीलाई एक ढिक्का बनाएर लैजानका लागि सबैको सकारात्मक सोच र क्रियाशीलता आवश्यक हुने बताउनुभयो । पार्टीका गण्डकी प्रदेश सभापति शुक्रराज शर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा कांग्रेस सहमहामन्त्री जीवन परियार, पूर्वमहामन्त्री शशाङ्क कोइराला, गण्डकी प्रदेशका मुख्यमन्त्री एवं पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डे, केन्द्रीय सदस्यद्वय प्रदीप पौडेल र शङ्कर भण्डारी, गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललगायतले आ-आफ्नो धारणा राख्नुभएको भएको थियो।

## एनसेलको शेयर खरिदबिक्रीबारे लिखित जवाफ माग

**पोखरापत्र संवाददाता**
पोखरा, ३ पुस

सर्वोच्च अदालतले एनसेलको शेयर खरिदबिक्रीविरुद्ध परेको रिट निवेदनमा सरकारसँग कारण देखाउ आदेश गरेको छ।

न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले आज अन्तरिम आदेशका लागि दुवै पक्षलाई छलफलमा बोलाएर सरकारसँग कारणसहित १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश गरेको हो। "दुवै पक्षलाई राखी छलफल गराउन उपयुक्त भएको देखिँदा सो प्रयोजनार्थ मिति २०८०/०९/१६ को पेसी तोकी पेस गर्नु", आदेशमा भनिएको छ, "साथै, प्रस्तुत रिट निवेदनसँग सम्बन्धित सम्बद्ध निर्णय तथा पत्रहरू विपक्षी एनसेल आजियाटा लिमिटेड र नेपाल दूरसञ्चार प्राधिकरण, जमलको हकमा आफैं वा आफ्नो कानुन व्यवसायीमार्फत र अन्य विपक्षीको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत अन्तरिम आदेश जारी गर्ने वा नगर्नेसम्बन्धी छलफलको सुनुवाइको क्रममा इजलाससमक्ष अवलोकनार्थ पेस गर्नुहोला ।" आदेशमा बाटाको म्यादबाहेक अन्तरिम आदेश जारी गर्न नपर्ने आधार र कारणसहित बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ महान्यायाधिवक्तामार्फत पेश गर्न भनिएको छ । एनसेलको शेयर खरिदबिक्री प्रकरणविरुद्ध प्रतिनिधिसभाका सदस्य अमरेशकुमार सिंहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूर सञ्चार प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजस्व विभाग र एनसेललाई विपक्षी बनाएर रिट निवेदन सर्वोच्च अदालतमा दायर गर्नुभएको थियो। सात वर्षअघि रु एक खर्ब ४४ अर्बमा एनसेलको ८० प्रतिशत शेयर खरिद गरेको मलेसियाको आजियाटा कम्पनीले हालै नेपाली संस्थापक रहेको बेलायती कम्पनी स्पेक्ट्रेलाइट युकेलाई जम्मा रु छ अर्ब ५० करोडमा बिक्री गरेको गरेपछि विवाद भएको हो । रिट निवेदनमा कानुनी प्रक्रियालाई मिचेर मुलुकलाई हानी पुग्ने गरी अपारदर्शी ढङ्गले निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक एनसेलको शेयर खरिदबिक्री भएको उल्लेख गरिएको थियो । यसअघि, उच्च अदालत पाटनले अल्पकालीन अन्तरिम आदेश जारी गरी शेयर खरिदबिक्री प्रक्रिया रोक्नका लागि आदेश गरेको थियो। उक्त आदशेसँगै एनसेलले शेयर बिक्री गर्न नपाउने भएको छ।

## १९ औं लेखनाथ महोत्सवको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ पुस

लेखनाथ उद्योग वाणिज्य संघले यहि पुष ५ गते देखि १६ गते सम्म आयोजना गरेको १९ औ संस्करणको लेखनाथ महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ।

महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन विकास र सम्मृद्धि भन्ने नाराको साथ आयोजना गर्न लागिएको महोत्सवको ९५ प्रतिशत तयारी पुरा भएको मंगलबार आयोजित पत्रकार सम्मेलनमा आयोजकले जानकारी दिएको छ । पत्रकार सम्मेलनमा संघका अध्यक्ष एवं महोत्सवका मूल संयोजक विनोद श्रेष्ठले लेखनाथ उद्योग वाणिज्य संघले २०५८ साल देखि सुन्तला प्रदर्शनीबाट सुरु गरेको महोत्सवलाई समयानुकूल परिष्कृत गर्दै २०६१ साल देखि वार्षिक रुपमा लेखनाथ महोत्सव गर्दै आएको र विभिन्न जात जाति भाषा भाषीलाई एकै थलोमा उपस्थीत गराएर लेखनाथ क्षेत्रको पहिचान गराउने उद्धेश्यले महोत्सवको आयोजना गरिएको वताए । उनले महोत्सवको माध्यबाट यस क्षेत्रमा उत्पादीत वस्तुहरुको बजारीकरण गर्ने, कृषि सामग्री एवं महिला उद्यमीहरुको उत्पादनहरुको प्रर्दशनी एवं विक्रि गरिने वताए । यस्तै महोत्सवका प्रचार प्रसार संयोजक एवं लेखनाथ उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष उपेन्द्रराज सुवेदी 'राजु' ले विश्वव्यापी रुपमा देखिएको आर्थिक मन्दिका कारण थला परेको देशको अर्थतन्त्रलाई चलायमान बनाउन तथा पर्यटन प्रवर्द्धन गर्न, देशमा रहेका औद्योगिक उत्पादनलाई बढवा दिन, हस्तकलाका सामानहरुको बजार प्रवर्द्धन र सोको पहिचान, स्थानीय उत्पादन, लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन, आवश्यक ज्ञान, सिप, उद्यमशिलता र प्रविधि हस्तान्तरण, राष्ट्रिय तथा अन्तराष्ट्रिय मुलुकहरुमा उत्पादित औद्योगिक एवं दैनिक उपभोग्य वस्तु तथा सेवाहरुको प्रवर्द्धन, जातीय भेषभुषा, कला संस्कृति, रितिरिवाजको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## छानबिन समितिबाट दूरसञ्चार प्राधिकरणको अधिकारमा असर पर्दैन : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, ३ पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर खरिदबिक्री सम्बन्धमा छानबिन गर्न गठित समितिको अध्ययनबाट नियामक दूरसञ्चार प्राधिकरणको कामकारबाहीमा कुनै असर नपर्ने प्रस्ट पार्नुभएको छ।

प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकमा एनसेलको शेयर खरिदबिक्रीसम्बन्धी छलफलमा सांसदले राखेका प्रश्नको जवाफ दिँदै नियामक निकायका सल्लाह, सुझाव र समन्वयमा नै समिति गठन गरिएको प्रधानमन्त्रीले जानकारी दिनुभयो । उहाँले पर्याप्त छलफल, बहस र साझा निष्कर्षका आधारमा समिति बनाइएको पनि जानकारी दिनुभयो। प्रधानमन्त्री दाहालले समितिको कामकारबाहीबाट नियामकको नियमनकारी अधिकारमा कुनै हस्तक्षेप र असर नपार्ने उल्लेख गर्दै नियामकले आफ्नो भूमिका पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री दाहालले छानबिन समितिका संयोजकका सम्बन्धमा अनावश्यक टीकाटिप्पणी नगर्नसमेत आग्रह गर्नुभयो। शेयर खरिदबिक्री सम्बन्धी स्वीकृति दिने नियामक निकाय हुँदाहुँदै किन छानबिन समिति गठन गरिएको हो भन्ने सांसदको जिज्ञाशामा उहाँले यस प्रकरणमा राजस्व छली र सरकारमा स्वामित्व हस्तान्तरण हुने सम्बन्धमा छानबिन र अनुसन्धान गर्न समिति गठन गरिएको प्रस्ट्याउनुभयो।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "नियामक निकायले नियमन गर्ने सम्बन्धमा छुट्टै कानुनी व्यवस्था छ, सो अनुसार नेपाल दूरसञ्चार प्राधिकरणले प्रचलित कानुनबमोजिम भए/नभएको सम्बन्धमा नियमन र कारबाही गर्ने नै छ, यसो गर्न प्राधिकरणलाई कुनै रोकटोक गर्ने मनसाय राखिएको छैन।"

उहाँले यो प्रक्रियामा राजस्व छली, नेपाल सरकारमा स्वामित्व हस्तान्तरणको सम्बन्धमा कानुनी व्यवस्थाको उल्लङ्घन भएको हो कि भन्ने आम चासो रहेको र यसबाट नेपालको समग्र दूरसञ्चार क्षेत्रको विकास र वैदेशिक लगानीमा पर्ने प्रभावका बारेमा छुट्टै अध्ययन गर्नुपर्ने आवश्यकता महसुस भएकाले समिति बनाइएको प्रस्ट गर्नुभयो।

राष्ट्र र जनताको हितविपरीत हुन खोजेको चलखेल रोक्न सरकार दृढ रहेको उहाँको भनाइ थियो। एनसेलको शेयर किनबेचका सम्बन्धमा आफूले पनि सार्वजनिक सञ्चारमाध्यमबाट थाहा पाएको दोहोऱ्याउँदै प्रधानमन्त्री दाहालले दूरसञ्चारसम्बन्धी कानुनमा व्यवस्था भएबमोजिम शेयर खरिदबिक्री प्रक्रियामा एनसेल नआएकाले आफूले आधिकारिक रूपमा थाहा नपाएको उहाँले बताउनुभयो।

"जुन दिन थाहा पाइयो, त्यहाँ गडबड भएको छ भन्ने भएपछि तुरुन्तै प्रक्रियामा गइयो", प्रधानमन्त्री दाहालले भन्नुभयो। अघिल्लो पटक पनि एनसेलको करसम्बन्धी प्रकरणमा आफूले तत्कालीन सार्वजनिक लेखा समितिमा सो कम्पनीले कुनै पनि हालतमा नेपालमा कर तिर्नुपर्छ भनेर अडान लिएको स्मरण गर्दै उहाँले भन्नुभयो, "त्यस समय पनि एनसेलले कर तिर्नुपर्छ भनेर मैले नै लडेको हुँ ।" पछिल्लो प्रकरणसम्म आइपुग्दा जालझेलपूर्ण रुमपा एनसेलको शेयर खरिदबिक्री गरेर कर छल्ने तथा स्वामित्व हस्तान्तरण नगर्ने नियत स्पष्ट देखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबै मिलेर राष्ट्र र जनताको पक्षमा दृढतापूर्वक लड्नुपर्ने बताउनुभयो।

"रु एक सय ४३ अर्बको कम्पनीलाई रु छ अर्बमा बिक्री गर्ने निर्णय पारदर्शी र प्राकृतिक छैन, यसलाई हरहालतमा नेपाल सरकरको स्वामित्वमा ल्याउन सबैले सामूहिक पलह गर्नुपर्छ", उहाँले भन्नुभयो । सांसदको सुझावले सरकारलाई एनसेलको शेयर खरिदबिक्री सम्बन्धमा दृढतापूर्वक अघि बढ्न सहयोग मिलेको उहाँको भनाइ छ।


**प्रदुषण रोकौं, स्वस्थ बनौं**

वातावरण प्रदुषणका कारणहरु:
◆अव्यवस्थित औद्योगिकीकरण,
◆प्राकृतिक स्रोत साधनको जथाभावी उत्खनन,
◆जथाभावी फोहर विसर्जन,
◆प्रदुषणको मापदण्डभित्र नपरेका सवारीसाधनको प्रयोग,
◆वन जंगलको विनाश,
◆प्लाष्टिकको प्रयोग,
◆प्लाष्टिकलगायत अन्य वस्तु जलाउनु,
यस्ता कार्य नगरौं/नगराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# महेन्द्रनगरमा जाउ है पोखरा अभियान

पोखरापत्र संवाददाता
पोखरा, ३ पुस

सुदुरपश्चिम क्षेत्रको पर्यटन विकासको लागि नेपालका प्रमुख पर्यटकीय गन्तव्यसम्म पर्यटकहरुलाई सहज रुपमा आउन तथा जानको लागि सडक संञ्जाल र हवाई मार्गको सहज पहुच आवश्यक भएको व्यवसायीहरुले माग गर्नु भएको छ।

पोखराबाट सुरु भएको जाउ है पोखरा अभियान अन्र्तगत सोमबार बेलुका महेन्द्रनगरमा आयोजित पर्यटन व्यवसायी सहित विभिन्न पालिका प्रमुख एवं संघ संस्थाका पदाधिकारीहरु बिचको छलफलमा सहभागिहरुले दिगो पर्यटनको लागि सडक र हवाई मार्गको सहज पहुज आवश्यक भएको बताउनु भएको हो।

अबको पर्यटन विभिन्न पर्यटकीय गन्तव्यहरुको एकिकृत ढंगले समन्वय र सहकार्य गरी अघि बढेमा चिन र भारतजस्ता विश्वका धेरै जनसङ्ख्या भएको मुलुकबाट १२२ प्रतिशत मात्र घुमफिरमा हिडेका पर्यटकलाई आकषर्ण गर्न सकिने व्यवसायीहरुले दाबी गर्नु भयो।

पोखराका लागि सिधा हवाई उडान नहुने र काठमाडौं गएर मात्र पोखरा जानुपर्ने बाध्यताले आफुहरुलाई भारतको दिल्लीजान सहज र सरल भएको पर्यटन व्यवसायी परमानन्द भण्डारीले बताउनु भयो। होटल संघ पोखरा नेपाल र नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेशको आयोजनामा भएको जाउँ है पोखरा अभियान



अन्तर्गत महेन्द्रनगरमा सोमबार बेलुका आयोजित पत्रकार भेटघाट एवं अन्तरक्रिया कार्यक्रममा वोल्दै भिमदत्त नगरपालिकाकाका प्रमुख पदम बोगटीले सुदूरपश्चिम वर्दिया, सुक्ला फाँटा र खप्तडलाई एकीकृत रुपमा प्रर्वद्धन गर्ने योजना अघि बढाएको बताउनु भयो। धनगढीबाट पोखरा सीधा उडानका लागि स्थानीय र प्रदेश सरकारले नै सहकार्य गरेर वातावरण बनाउने अनि केन्द्र सरकारलाई दबाब दिनुपर्ने उहाँको भनाई थियो। विदेशी पर्यटकलाई लुट्नुपर्छ जस्तो नीतिले पर्यटन नचल्ने भन्दै उहाँले केन्द्र सरकारले नीतिमै सुधार ल्याउनुपर्नेमा माग गर्नु भयो। वेदकोट नगरपालिकाका नगरप्रमुख भोजराज बोहोराले हवाई उडानबाट पोखरा जाँदा काठमाडौं हुँदै जानुपर्ने बाध्यता रहँदा समस्या बताउनु भयो। पोखरासंगको कनेक्टिभिटी सहज हुनुपर्ने उहाँले जोड दिनुभयो। पर्यटकीय राजधानी मानिने पोखरासम्म आफुहरु जानको लागि समस्या हुनुले पोखरा र यस क्षेत्रको पर्यटन प्रबर्द्धनमा कठिनाई भएको उहाँको भनाई थियो। पर्यटकीय सम्भावना प्रचुर रहेको सुदूरपश्चिमको प्रचार हुन नसकेका पर्यटन वोर्ड पोखराका वरिष्ठ अधिकृत कुन्दन मिश्रले पर्यटन वोर्ड निजी क्षेत्रको मागमा स्थापना भएको स्मरण गर्दै निजी क्षेत्रबाट सुरु भएको बताउनु भयो। भारत र चीनको घुमघाममा निस्कने पर्यटकहरुको जनसंख्याको एक प्रतिशत मात्र पर्यटक नेपाल ल्याउन सकेमात्र पनि नेपालको पर्यटन क्षेत्र अत्याधिक रुपमा चलायमान हुने उनको दाी थियो। सीमावर्ती क्षेत्रका सहरमा प्रवर्द्धनात्मक कार्यक्रम गर्दा भारतीय पर्यटक भित्र्याउन सहज हुने आफुहरुले विश्वास लिएको मिश्रको भनाई थियो। कञ्चनपुर उद्योग वाणिज्य संघका अध्यक्ष पितम्बर जोशीले भारतबाट आउने पर्यटकलाई सीमा क्षेत्रबाट प्रवेश गरेपछि सहज यात्राको व्यवस्था गर्नुपर्ने माग गर्नु भयो। उत्तराखण्डसंग जोडिएको महेन्द्रनगर नाका देशका लागि प्रशस्तमात्रामा पर्यटक भित्र्याउन सक्ने नाका भएको उहाँको दाबी थियो। लामो यात्रा र विग्रेको सडकले पर्यटकलाई सास्ती हुने भन्दै महेन्द्रनगरबाट लक्जरी पर्यटकीय बस सञ्चालन गर्ने र धनगढीबाट पोखरासम्म सिधा हवाई उडान गर्नुपर्नेमा अध्यक्ष जोशीले माग गर्नु भयो। होटल संघ कन्चनपुरका अध्यक्ष जगदिशचन्द्र भट्टले सुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, खप्तड, अपि सैपाल लगायत पर्यटकीय र ऐतीहासिक धरोहर यो प्रदेशमा भएपनि प्रचारप्रसार हुन नसकेको गुनासो गर्नु भयो। होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले पोखरा प्राकृतिक, संस्कृति र साहसिक पर्यटकका लागि महत्वपूर्ण स्थल रहेको दाबी गर्नु भयो। जाउँ है पोखरा अभियान पोखराका पर्यटन व्यवसायीको मात्र नभएर साझा अभियान भएको उहाँको दाबी थियो।

पर्यटनसंग सम्बन्धित समस्या व्यवसायीका साझा समस्या रहेकाले मिलेर समाधानका उपाए खोजिनुपर्नेमा सुवेदीले बताउनु भयो। होटल संघ पोखराका सचिव पार्वती पाण्डेले शुक्रबारबाट सुरु जाउँ है पोखरा अभियान विभिन्न कार्यक्रसहित नेपालगन्ज धनगढी हुँदै महेन्द्रनगर पुगेर समापन भएको बताउनु भयो। टोलीमा पोखराबाट होटलसंघ सहित पर्यटन सम्बद्ध संघसंस्थाका प्रतिनिधि र पत्रकार सहभागि भएका संघ पोखराका उपाध्यक्ष दीपक श्रेष्ठले बताउनु भयो। टोलीमा बीस जना सहभागि हुनु भएको हो।

# गण्डकी–लुम्बिनी जोड्ने 'सिग्नेचर ब्रिज'

पोखरापत्र संवाददाता
स्याङ्जा, ३ पुस

गण्डकी प्रदेशको स्याङ्जा र लुम्बिनी प्रदेशको पाल्पा जोड्ने कालीगण्डकी नदीमा 'सिग्नेचर ब्रिज' बनाउन ठेक्का सम्झौता भएको छ। सम्झौता भएसँगै गण्डकी र लुम्बिनी प्रदेशको संगमस्थल (रामनदी धाम) राम्दीस्थित कालीगण्डकी नदीमा पक्की पुल निर्माण थालिएको हो।

सुनौली-पोखरा जोड्ने सिद्धार्थ राजमार्ग अन्तर्गत राम्दीमा कालीगण्डकी नदीमाथि नयाँ पुल निर्माण थालिएको छ। २०२८ मा बनेको 'स्टिल ट्रस' पुल जीर्ण हुँदै गएपछि नयाँ प्रविधिको 'सिग्नेचर ब्रिज' को निर्माण थालिएको पुल सेक्टर पोखराका इञ्जिनियर आशिष रिजालले जानकारी दिए। अत्याधुनिक प्रविधि प्रयोग गरेर कालीगण्डकी नदीमा आकर्षक एवं कलात्मक पुल निर्माण गर्न लागिएको हो। "पुरानो पुल जीर्ण हुँदै जाँदा ठूला भारबहन क्षमताका सवारी साधन सञ्चालन हुन पाएका थिएनन्" रिजालले भने, "एकहप्ता अघिदेखि पुल निर्माण सुरु गरेका छौँ, स्याङ्जा तर्फको घर टहरा भत्काएर जग खन्ने काम अगाडि बढेको छ।" सडक विभाग पुल महाशाखाले सर्भे सम्पन्न गरी ठेक्का सम्झौता भई काम अगाडि बढेको हो। २०८२ साल असार मसान्तभित्र निर्माण सम्पन्न गर्ने गरी हिम सगरमाथा कन्ट्रक्सन प्रालिसँग पुल निर्माणको ठेक्का सम्झौता भएको छ। १ सय २० मिटर



लामो हुने उक्त पुल पर्यटकीय रुपमा समेत आकर्षक बनाउने तयारी छ। हाल सञ्चालनमा रहेको पुरानो पुल ९३ मिटर लामो छ। "पुल निर्माण सम्पन्न गर्नका लागि २७ करोड ७१ लाख लागत लाग्नेछ" रिजालले भने, "पुल फुटपाथसहित ११ मिटर चौडाइको हुनेछ।" अब बन्ने नयाँ पुलमा ४० टनसम्मको भारबहन क्षमता रहने छ। भारत सरकारको सहयोगमा २०२२ देखि सिद्धार्थ राजमार्गको निर्माण सुरु भई २०२८ मा सम्पन्न भएको थियो। देशकै पर्यटकीय सहर एवं गण्डकी प्रदेशको सदरमुकाम पोखरालाई व्यापारिक सहर बुटबल तथा भारतसँगै जोड्ने पुरानो सडक हो सिद्धार्थ राजमार्ग। सडक निर्माण भएको लामो समय भइसक्दा पनि यसको स्तरोन्नति हुन सकेको थिएन्। उक्त पुलमा रातको समयमा आकर्षक बत्तीले सजाउने योजनासमेत बनाइएको छ। राम्दीघाट हिन्दू धर्मावलम्बीको पवित्र तीर्थ स्थलसँगै भएकाले पनि पुललाई पर्यटकमैत्री बनाउने योजना छ। ठूला भारबहन क्षमताका सवारी साधन राम्दीमा रहेको हालको पुलमा सञ्चालन हुन नसक्दा माल सामान ढुवानीमा कठिनाइ भएको थियो। यसले गर्दा आसपासका उपभोक्ता मर्कामा परेका थिए।

नयाँ पुल निर्माण थालिएसँगै पुलको बाटो भई सामन ढुवानी गर्ने उद्योगी, व्यापारी तथा उपभोक्ता खुसी हुन थालेका छन्। पुल निर्माण भएको लामो समय भएको हुँदा यसको क्षमता घट्दै गएकाले अहिले १० टन क्षमताभन्दा बढी भारबहन क्षमताका सवारीसाधन चल्न रोक लगाइएको छ। १० टन भन्दा माथिको ४० टनसम्मका भारबहन क्षमताका सवारीहरु बुटवलबाट चितवन हुँदै पोखराबाट स्याङ्जा आउनु पर्ने बाध्यता थियो। ठूला भारबहनका सवारी साधनहरु अब बुटवलबाट सिधै कम लागतमा स्याङ्जा आउने भएपछि स्थानीय व्यवसायी सहित उपभोक्ता समेत हौसिएका छन्।

# १९औं लेखनाथ ...

जगेर्ना गर्न, आन्तरिक एवं वाह्य पर्यटकहरु आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुर्‍याउने महोत्सवको मुख्य उद्देश्य रहेको वताए।

उक्त अवसरमा नेपाल पत्रकार महासंघ कास्की शाखाका उपाध्यक्ष रामप्रसाद तिमिल्सीनाले लेखनाथ महोत्सवलाई शुरुवातका दिनदेखी नै आफुले नियाल्ने अवसर प्राप्त गरेको र निकै ठुलो संर्घषलाई पार गर्दै महोत्सवले अहिलेको सफलता हासिल गरेको वताएका थिए। उनले मेला र महोत्सवमा फरक रहेको वताउँदै महोत्सवले स्थानिय कला संस्कृतिको संरक्षण एवं जर्गेना गर्दै स्थानिय प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण पनि गर्ने भएकाले यसका पत्रकार महासंघ कास्की शाखा संधै साथमा रहेको वताउँदै महोत्सवको सफलताको शुभकामना व्यक्त गरेका थिए।

महोत्सवको थप आकर्षणको रुपमा महोत्सवस्थलमा थ्रिडी आर्ट मार्फत कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मघर झल्कने तस्बिर, एलईडि डिस्प्ले मार्फत स्टेजबाट प्रायोजकहरुको प्रवर्द्धन, दर्शकहरुका लागि ई-सेवाबाट टिकट काट्न सकिने गरि व्यवस्था मिलाईनुका साथै राष्ट्रिय स्तरका चर्चित कलाकारहरुवाट स्टेज सो, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी कार्यक्रम, कविता प्रतियोगिता, रितिरिवाज झल्कने सांस्कृतिक कार्यक्रम, नवप्रतिभा खोजी कार्यक्रम लगायतका कार्यक्रमहरु रहेका छन् भने जातजातिहरुको सांस्कृतिक जर्गेना कार्यक्रम तथा मातृशक्तिको सम्मानमा आयोजना गरिदै आएको महिला विशेष कार्यक्रम अन्तर्गत रत्यौली गित प्रतियोगिता, ख्याती प्राप्त कलाकारहरुबाट दैनिक प्रस्तुती, सुगम संगित अन्तर्गत कन्सर्ट लगायत थुप्रै मनोरञ्जनात्मक कार्यक्रमहरुको रुपमा प्रस्तुती रहने छन्। महोत्सवको साहित्यीक कार्यक्रम अन्तर्गत पुस २ गते सोमबार कवि शिरोमणि लेखनाथ पौड्यालको सम्झनामा 'वर्तमान समयमा कविका कविताहरुको सान्दर्भिकता र महत्व विषयक विचार गोष्ठी, कविता बाचन तथा प्रवचन कार्यक्रम संघको सभाहलमा सम्पन्न भईसकेको छ भने विद्यालय स्तरीय कार्यक्रम अन्तर्गत पुस १ गते आईतबार विद्यालय स्तरीय चित्रकला प्रतियोगिता सम्पन्न गरिएको छ, १७ वटा विद्यालयहरुको सहभागिता रहेको उक्त प्रतियोगितामा विद्यार्थीहरुबाट कोरिएका चित्रहरु महोत्सवस्थलबाट विक्रि वितरण गर्ने व्यवस्था समेत मिलाईएको छ। महोत्सवमा पोखरा विश्वविद्यालय इन्जिनियरिङ फेकेल्टी, रोबोटिक क्लब, गण्डकी विश्वविद्यालय आविष्कार केन्द्र तथा विभिन्न विद्यालयहरुबाट शैक्षिक प्रदर्शनी हुनेछ भने विभिन्न जातजातिहरुको मौलिक सांस्कृति झल्कने सांस्कृतिक कार्यक्रमहरु रहनेछन। महोत्सवको बचतवाट प्रदर्शनी स्थल र संघको भवनको स्तरोन्नती, औद्योगिक क्षेत्र निर्माणको लागि पहल एवं सहयोग, कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल विकास, पर्यटन विकास तर्फ बेगनासतालमा बराह मन्दिर संरक्षण, स्थानीय महिला तथा युवा उद्यमीहरुद्धारा उत्पादित वस्तुहरुको प्रवर्द्धनका लागि उत्कृष्ट स्तरको कोसेली घर निर्माण, संघद्धारा बेगनासतालमा निमार्ण गरिएको लेटर बोर्डको परिसरमा चेम्बरपार्क निर्माण लगायतका विभिन्न सामाजिक उत्तरदायित्वका कार्यमा खर्च गरिने आयोजकले जानकारी दिएको छ।

# बाह्रौं पोखरा महोत्सवको तयारी, तीब्र पुष ८ देखि स्टल बुकिङ खुल्ला

पोखरापत्र संवाददाता
पोखरा, ३ पुस

बाह्रौं संस्करणको पोखरा महोत्सवको तयारी तीब्र पारिएको छ।

महोत्सव आयोजक यूनाइटेड क्लब पोखराले महोत्सवको मिति नजिकिदै गर्दा महोत्सवको तयारीलाई तीब्र पारेको हो। आगामी पुषको २६ देखी माघको ८ गते सम्म पोखराको अमर सिंह मा.वि.को खेल मैदानमा आयोजना हुने बाह्रौं संस्करणको पोखरा महोत्सवलाई लक्षित गरी महोत्सव सम्पन्न गर्न गठित विभिन्न उपसमितिका संयोजक र सल्लाहकारहरुबीच बैठक सम्पन्न भएको छ। उक्त बैठकले महोत्सवका लागि आगामी पुष ८ गते देखि स्टल बुकिङ खुल्ला गर्ने निर्णय समेत गरेको छ। महोत्सवलाई थप आकर्षण बनाउनका लागी सम्पूर्ण संयोजक र सल्लाहकारुबीच बृहत छलफल समेत गरेको छ। सो अवसरमा बाह्रौं पोखरा महोत्सवका सल्लाहकारहरु दिपक थापा, लिलाधर अधिकारी, सुनिल गुरुङ, तीर्थलाल श्रेष्ठ, सन्तोष सिग्देल, तोरण बानियाँ, पवित्रादेवी गुरुङ, तेज बहादुर गुरुङ, जस बहादुर गुरुङ लगायतले आ आफ्नो धारणा राख्दै महोत्सवलाई भब्य र सभ्य बनाउनका लागि सम्पूर्ण जिम्मेवार प्राप्त ब्यात्तिहरुले आफ्नो जिम्मेवारी बहन गर्नुपर्ने बताएका थिए। महोत्सवलाई भब्यताका साथ सम्पन्न गर्ने अठोटका साथ सम्पूर्ण गण्डकी प्रदेशबासी र विभिन्न निकायका सरकारी संघ संस्था लगायत अन्य संघ संस्था, महिला समुह लगायत सम्पूर्ण अवलोकन कर्ताको साथ र सहयोगलेनै पोखरा महोत्सव बाह्रौं संस्करण सम्म आइपुगेका र बाह्रौं पोखरा महोत्सवलाई पनि सफल बनाउनका लागि पूर्ण सहयोगको अपेक्षा ब्यक्त गरे। त्यसैगरी बाह्रौं पोखरा महोत्सवको अन्य विवरणहरु क्रमश संप्रेशण हुने जानकारी दिने क्लबका महासचिव एवं बाह्रौं पोखरा महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले बताए।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (वाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

## सम्पादकीय

# प्रदेशलाई बद्नाम गराउँदै मुख्यमन्त्री

प्रदेशको खारेजीको माग हुन थालेको बेला प्रदेशको विरुद्ध जनमत बनाउनबल पुर्याउने काम मुख्यमन्त्रीहरुले गरेका छन । गठबन्धनलाई बलियो बनाउने नाममा मंत्रालयको संख्या बढाउने र मन्त्रीको संख्या थप्ने काम भएको छ । प्रदेश सरकार अधिकार बिहिन भएको र काम गरेर देखाउन सक्ने अवस्था नभएको बेला आफन्त र कार्यकर्ता भर्ती केन्द्र बनाउन होडबाजी चलेको छ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले प्रदेशको अर्थतन्त्रलाई ध्यान नदिई आवश्यकताभन्दा बढी 'जम्बो' टीमसहितको सचिवालय बनाएका छन । प्रदेश सरकारको नेतृत्व गरेको आठ महिना पुग्न लाग्दा समेत मन्त्रिपरिषद्लाई पूर्णता दिन नसकेका चौधरीको ध्यान सचिवालयमा आसेपासेलाई नियुक्ति गर्नमै केन्द्रीत छ ।

थला परेको अर्थतन्त्रलाई राहत दिनुपर्ने बेला राज्यकोषबाट आकर्षक तलब सुविधा लिने गरी चौधरीले सल्लाहकार, स्वकीय सचिव, दोभाषेदेखि फोटोग्राफरसम्मको भूमिकामा १५ जनालाई नियुक्ति दिएका छन।लुटेको धनमा फुपूको श्राद्ध भने जस्तै अवस्थामा प्रदेश सरकार देखिन्छ । प्रदेशको आन्तरिक आम्दानी न्यून रहेको र अनुदानको बजेटमा चल्नुपर्ने अवस्थामा मुख्यमन्त्रीको सचिवालयमा नियुक्ति पाएकाहरूले राज्यमन्त्रीदेखि अधिकृतसरहको सुविधा पाउने गरेका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय देउखुरी दाङको विवरणअनुसार चारजना स्वकीय, तीनजना विज्ञ, तीनजना कार्यालय सहयोगी, एकजना राजनीतिक सल्लाहकार तथा दोभाषेदेखि फोटोग्राफरसम्म गरी १५ जना मुख्यमन्त्री चौधरीको सचिवालयमा छन् । आसेपासे भेगीय हिसाबले नियुक्त गरिएका सचिवालय सदस्यहरूको तलब/भत्तामै मासिक ६ लाख रूपैयाँ खर्च हुँदै आएको छ । नियुक्ति पाएका मध्ये धेरैले कामै नगरी तलब मात्र बुझ्ने गरेका छन । आवश्यकता र कामका आधारमा सचिवालयमा कर्मचारी राख्नुपर्नेमा आफन्त र कार्यकर्ता पाल्ने अखडा बनाइएको भन्दै चर्को आलोचना भइरहेको छ ।

राजनीतिक सल्लाहकारलाई राज्यमन्त्रीसरह र विज्ञलाई एघारौं तहको सुविधा मुख्यमन्त्री चौधरीका राजनीतिक सल्लाहकार दाङका कांग्रेस कार्यकर्ता जानकीलाल बस्नेत छन् । गृहजिल्लाका बस्नेतलाई चौधरीले सरकारी कोषबाट राज्यमन्त्रीसरह सेवा सुविधा उपलब्ध हुने गरी नियुक्ति दिएका छन् । बस्नेतको नियुक्ति भदौ ३१ गते भएको थियो ।

मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सेवा सुविधासम्बन्धी ऐन- २०७५ को दफा १० तथा अनुसूची-२ अनुसार नियुक्त भएका बस्नेतले मासिक ५६ हजार ८४० रूपैयाँ तलब बुझ्छन् । सचिवालयकै कार्यक्रम समन्वय विज्ञको रूपमा नियुक्त गरिएका बालकृष्ण पाण्डेले ६० हजार ४९० तलब खान्छन् । त्यस्तै विकास विज्ञको नाममा नियुक्ति पाएका महेशप्रसाद नेपालले पनि एघारौं तह (सह-सचिवसरह) को ६० हजार ४९० रूपैयाँ तलब खान्छन् ।

त्यस्तै प्रमुख स्वकीय सचिव मुकुन्द गौतमले ४८ हजार ७३७ रूपैयाँ तलब खाँदै आएका छन् । प्रेस संयोजक गोपाल सल्लाहकार (संयोजक) गोपाल शर्माले रा.प्र.तृ (अधिकृत)सरह ४३ हजार ६८९ रूपैयाँ तलब खाँदै आइरहेका छन् । पत्रकार शर्मा पनि दाङकै हुन् । दोभाषेमा नियुक्त गरिएकी रोजी डाँगीले अधिकृतस्तरको ४३ हजार ६८९ रूपैयाँ तलब बुझ्छिन् । कम्प्युटर अपरेटमा नियुक्ति पाएका भेषराज बुढाथोकीले ३४ हजार ७३० रूपैयाँ बुझ्छन् । तीनजना कार्यालय सहयोगी प्रदेशु चौधरी, बाबुराम चौधरी र अर्जुन चौधरीले २४ हजार ७०२ रूपैयाँका दरले तलब बुझ्दै आएका छन् । विज्ञ र सल्लाहकारलाई सवारी र इन्धन सुविधा समेत उपलब्ध गराइएको छ । जनताले तिरेको करको दुरुपयोग गर्दै आसेपासे पोस्नु संघीयताको बद्नाम गराउने काम हो ।सम्बन्धित राजनीतिक दल र नागरिकले खबरदारी नगरेसम्म लुटतन्त्र चलिरहनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बड्ने |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एक सय ९५ शिक्षक र विद्यार्थीलाई पोशाक प्रदान

**पोखरापत्र संवाददाता**
बेनी, ३ पुस

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ मौवाफाँटमा रहेको ज्ञानोदय माध्यमिक विद्यालयलाई समाजसेवी शिव केसीले एक सय ९५ थान पोशाक प्रदान गर्नुभएको छ ।

विद्यालयका विद्यार्थी, शिक्षक र व्यवस्थापन समितिका पदाधिकारीका लागि केसीले रु दुई लाखबराबरका पोशाक उपलब्ध गराउनुभएको हो । सोमबार विद्यालयमा आयोजित कार्यक्रममा सहयोगदाता केसीले विद्यालय व्यवस्थापन समिति र विद्यालयलाई उक्त सामग्री प्रदान गर्नुभएको थियो । विद्यालयका सल्लाहकारसमेत रहनुभएका केसीले विगतदेखि नै विद्यालयको शैक्षिक र भौतिक विकासमा सहयोग गर्दै आउनुभएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि सुवेदीले बताउनुभयो । कार्यक्रममा विद्यालयले सहयोगदाता केसीलाई सम्मान गरेको छ । वडा सदस्य जितबहादुर खत्री, विद्यालयका अध्यक्ष सुवेदी, प्रधानअध्यापक विजय शर्माले सहयोगदाता केसीलाई सम्मान गर्नुभएको थियो। प्रावि स्थायी दरबन्दी रहेको यस विद्यालयमा कक्षा १० सम्म पठनपाठन हुन्छ भने जिल्लामै एकमात्र दृष्टिविहीन स्रोत कक्षासमेत सञ्चालनमा रहेको छ ।



सुन्तला बगैंचा :
म्याग्दीको बेनी नगरपालिका-४ बास्कुनाको सुन्तला बगैंचा । बास्कुनाका बासिन्दाले पुरै गाउँमा सुन्तला खेती गरेका छन् । तस्बिर : सन्तोष गौतम/रासस

# दोस्रो पञ्चवर्षीय योजना तयार गर्दै गण्डकी

**पोखरापत्र संवाददाता**
गण्डकी, ३ पुस

दोस्रो पञ्चवर्षीय योजना निर्माणका लागि गण्डकी प्रदेश सरकारले अहिले जिल्ला जिल्लामा सुझाव सङ्कलन गर्न थालेको छ। दोस्रो पञ्चवर्षीय योजना निर्माणका लागि प्रदेश नीति तथा योजना आयोगले जिल्ला जिल्लामा पुगेर सुझाव सङ्कलनको काम गरिरहेको हो ।

उक्त आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाका अनुसार योजना निर्माणका लागि पहिलो चरणमा स्थानीय तह र जिल्ला तहका विभिन्न सङ्घसंस्था तथा राजनीतिक दलसँग सुझाव सङ्कलनको काम भइरहेको छ । प्रदेशभित्रका ११ वटा जिल्लाका ८५ वटै स्थानीय तहका प्रमुखसँग छलफल, समन्वय, तथा अन्तरक्रियाका कार्यक्रम गरी सुझाव सङ्कलनको अभियानका क्रममा बागलुङ आएको उहाँले बताउनुभयो ।

बागलुङसहित मनाङ, मुस्ताङ र म्याग्दीमा सुझाव सङ्कलनको काम सकिएको जानकारी दिँदै उपाध्यक्ष देवकोटाले पहिलो पञ्चवर्षीय योजनाको समीक्षा गर्दै दोस्रो पञ्चवर्षीय योजना निर्माणको तयारीमा जुटेको उल्लेख गर्नुभयो । "पहिलो चरणमा स्थानीय तहसँग छलफल गरी लिखित रुपमै सुझाव पनि मागेका छौं, जिल्ला समन्वय समितिसँग पनि पुनःएकपटक छलफल गर्छौं" उहाँले भन्नुभयो, "प्रदेशसभा सदस्य, विषयगत समिति, मन्त्रीलगायत विभिन्न विषयगत विज्ञसँग सल्लाह तथा सुझाव मागेर खाका तयार पर्छौं, पुस र माघमा जिल्ला तहबाट सुझाव सङ्कलनको काम सक्नेछौं प्रस्तावित योजनाको विषय प्रस्तुतस पनि गरेका छौं ।" फागुनभित्र योजनाको मस्यौदा तयार गर्ने र चैत मसान्तसम्ममा यसलाई अन्तिम रुप दिने लक्ष्य रहेको गण्डकी प्रदेश सरकारले जनाएको छ । आव २०७६/७७ देखि कार्यान्वयनमा आएको पहिलो योजनाको अन्तिम वर्ष रहेको छ भने आगामी योजना २०८१/८२ देखी कार्यान्वयमा आएर २०८५/८६ सम्म रहने जनाइएको छ ।प्रदेशमा उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्र, दिगो ऊर्जा सुरक्षा, कृषिको आधुनिकीकरण, कृषि प्रशोधन तथा खनिज उत्खनन्, उद्योगधन्दा स्थापना, प्राविधिक तथा व्यावसायिक शिक्षा, पर्यटनललगायत विषयलाई समेटेर आयोगले योजना निर्माण गर्न थालेको छ । बागलुङको सुझाव सङ्कलन कार्यक्रममा गण्डकी प्रदेश सरकारका उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले योजना निर्माणसँगै काममा लाग्न सके समृद्ध गण्डकी प्रदेश निर्माण गर्न सकिने बताउनुभयो । दिगो विकासको आधार तय गरेर हरेक क्षेत्रलाई समावेश गरी तीनै तहका सरकारबीच समन्वय र सहकार्य हुने योजना निर्माण गर्न सुझाव सङ्कलनका लागि जिल्ला जिल्लामा पुगेको उहाँको भनाइ थियो । आयोगको प्रस्तावित अवधारणापत्रमा शिक्षाको खुद भर्नादर ९७ प्रतिशत पुगेको, विद्युत् ९९ प्रतिशतमा पुगेको, आधारभूत खानेपानी ९४ प्रतिशत जनताले पाएको उल्लेख गरेको छ। यी तथ्याङ्कलाई शतप्रतिशतमा लैजान प्रयास हुने गरी योजना बन्ने उपाध्यक्ष देवकोटाको भनाइ थियो । प्रदेशसभा सदस्य, नगर तथा गाउँपालिका र जिल्ला समन्वय समितिका पदाधिकारीले पनि योजनाका लागि सुझाव दिएका थिए ।

सुझावकै क्रममा पालिकातलाई दुई साता र समन्वय समितिलाई एक महिनाको समय दिएर लिखित दस्तावेज पठाइदिन आयोगले आग्रह गरेको छ । सुझाव सङ्कलनमा गण्डकी प्रदेशका पर्यटन, उद्योग, वन तथा वातावरणमन्त्री थापासहित, प्रदेश मामिला तथा कानुन समितिकी सभापति चम्पा खड्का, एमाले मुख्य सचेतक गोविन्दबहादुर नेपाली, माओवादी मुख्य सचेतक कुसुम बुढा, प्रदेशसभा सदस्य डिल्लीराम सुवेदी, द्रोण कुँवर, दिलमाया पौवी, बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठ, बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्मा, जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मालगायतले योजनाका लागि सुझाव दिनुभएको थियो ।

# 'फिस्टेल स्पोर्टस् फेस्ट' का उद्घाटन पूर्वका खेलबाट ६ विद्यालय छनोट

**पोखरापत्र संवाददाता**
पोखरा, ३ पुस



पोखरा महानगरपालिका वडा नं. १७ तल्लो बिरौटामा अवस्थित फिस्टेल एकेडेमी माध्यमिक विद्यालयले आयोजना गरेको 'फिस्टेल स्पोर्टस् फेस्ट' अन्तर्गत उद्घाटनपूर्वका खेलहरूबाट ६ विद्यालय अर्को चरणका लागि छनोट भएका छन् । सहभागी विद्यालय धेरै रहेकाले उद्घाटनपूर्व नै दुई दिन प्रथम चरणका खेलहरू सञ्चालन हुने कुरा विद्यालयले जानकारी गराएको छ ।

विद्यालय स्थापनाको २९ औं वार्षिकोत्सवको अवसरमा विद्यालयले यही पुस पाँचदेखि सात गतेसम्म विभिन्न विद्यालयहरूलाई समेटेर खेलकुद कार्यक्रम सञ्चालन गरिरहेको छ। मङ्गलबार भएका खेलहरूमा अक्सफोर्ड र शान्तिनिकुञ्ज स्कुलबिच भएको खेलमा टाई ब्रेकरमा ३/२ गोलसहित शान्तिनिकुञ्ज स्कुलले जित हासिल गरेको छ । यसैगरी दोस्रो खेलमा बालकल्याण र युनिभर्स स्कुलबिच भएको खेलमा २/० गोलसहित बालकल्याण स्कुल अगाडि बढ्दा विन्ध्येश्वरीलाई शुन्यका विरुद्ध चार गोल गरी कालिकाले आफ्नो यात्रा सुरक्षित राखेको छ । शिशुकल्याण र बालोदयबिच भएको खेलमा बराबरी ४/४ गोल भएपछि टाई ब्रेकरबाट ३/२ गोलसहित शिशुकल्याणले स्थान सुरक्षित गर्‍यो । यसैगरी १४ वर्षमुनिको लन टेनिसतर्फ भएका पहिलो चरणका खेलमा गण्डकी बोर्डिङ स्कुलका प्रफुल श्रेष्ठले फिस्टेल एकेडेमीका प्रसिद्ध पराजुलीलाई ६-०, ६-१ को सोझो सेटले पराजित गरी आफ्नो यात्रा सुरक्षित राखे । यस्तै १२ वर्षमुनिको दोस्रो खेलमा फिस्टेल एकेडेमीका सुवान के.सीले फिस्टेल एकेडेमीकै जेनिश ढकाललाई ६-१, ६-१ को सोझो सेटमा पराजित गरे । यसैगरी १६ वर्षमुनिको तेस्रो खेलमा फिस्टेल एकेडेमीका सृजन भट्टराईले गण्डकी बोर्डिङ स्कुलका प्रफुल श्रेष्ठलाई ६-०, ६-० को सोझो सेटमा पराजित गरे । हेम्जा बोर्डिङ स्कुल र पोखरा स्पाइरलबिचको खेलमा हेमजा बोर्डिङ स्कुलले उपस्थिति नजनाएपछि पोखरा स्पाइरल अगाडि बढेको छ भने भद्रकाली र छोरेपाटन स्कुलको खेलमा पनि भद्रकाली स्कुल सहभागी नभएपछि छोरेपाटन मावि स्वतः अर्को चरणमा छनोट भएको छ । बुधबार पनि फुटबलका छ खेलहरू, बास्केटबल छात्रछात्रा र लन टेनिसका विभिन्न खेलहरू सञ्चालन हुने कुरा विद्यालयका सहप्राचार्य कमल लामिछानेले जानकारी गराउनुभयो ।

खेलकुद कार्यक्रममा फुटबलतर्फ २८ स्कुल सहभागी रहेका छन् भने छात्रछात्रा बास्केटबल र लन टेनिसका खेलहरू पनि रहेका छन् । फुटबल तथा बास्केटबल खेलमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले क्रमशः ७५ हजार, ३५ हजार र २० हजार नगद पुरस्कारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने कुरा विद्यालयका संस्थापक अध्यक्ष चिनु रानाभाटले जानकारी दिनुभयो ।

# वैदेशिक रोजगारीमा पठाउने बाहनामा ठगी

**पोखरापत्र संवाददाता**
बेनी, ३ पुस

वैदेशिक रोजगारीमा पठाउने बाहनामा रु ४६ लाखभन्दा बढी रकम ठगी गरेका म्याग्दीका एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

म्याग्दी जिल्ला अदालतबाट छ दिन कैद र रु ४६ लाख सत्र हजार एक सय जरिवाना तोकिएका मङ्गला गाउँपालिका-४ (साविक बरङ्जा गाविस)-८ का ४३ वर्षीय गङ्गाबहादुर रोकालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ। विदेश नपठाएको र सङ्कलन गरेको रकम फिर्ता नगरेपछि नौ जना पीडितले रोकाको विरुद्ध बैंकिङ कसुरमा मुद्दा दायर गरेका थिए । रोकाले एक जनाबाट रु दुई लाखदेखि रु दश लाखसम्म ठगी गरेका थिए । प्रहरी निरीक्षक अशोककुमार झाका अनुसार सोमबार बरङ्जाबाट पक्राउ परेका रोकालाई मङ्गलबारनिज उपर लागेको दण्ड जरिवाना असुलउपरका लागि म्याग्दी जिल्ला अदालतमा पेश गरिएको छ । "विदेश पठाउने भनेर पैसा उठाएका रोकाले विदेश नपठाएपछि पीडितलाई चेक दिएका रहेछन्", प्रहरी निरीक्षक झाले भन्नुभयो, "पीडितलाई दिएको चेक नसाटिएपछि बैंकिङ कसुरमा म्याग्दी जिल्ला अदालतमा दायर गरेको मुद्दामा दोषी ठहर भएका हुन् ।"

# अख्तियारमा पर्वतका उजुरी बढे, स्थानीय तहका धेरै

**पोखरापत्र संवाददाता**
पर्वत, ३ पुस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा जिल्लास्थित सरकारी निकायका ८९ वटा उजुरी दर्ता भएका छन् । उजुरीमध्ये सबैभन्दाबढी स्थानीय तहका छन् । आयोगको कार्यालय पोखरा शाखाका अनुसार प्राप्त उजुरीमध्ये सातवटा स्थानीय तहका ५६ वटा र बाँकी ३३ वटा अन्य सरकारी कार्यालयका रहेका छन् । धेरै उजुरी कुश्मा नगरपालिकाको २९ वटा उजुरी छन् । ती मध्ये १३ वटा फछ्र्यौट भइसकेका छन् भने १९ वटा छानबीनको क्रममा छन् । त्यसैगरी फलेवास नगरपालिकाका- ९ वटा उजुरीमध्ये चार वटा फछ्यौंट भइसकेका र तीन वटा बाँकी रहेका छन् । जलजला गाउँपालिकाको गत आर्थिक वर्ष र चालु आर्थिक वर्ष गरी नौ वटा उजुरी परेकामा दुई वटा फछ्र्यौट भएका र छ वटा कारबाहीको प्रक्रियामा छन् । पैंयस गाउँपालिकाका दुई वटा उजुरी रहेका छन् भने एउटा फछ्यौंट भइसकेको छ ।

यता महाशिला गाउँपालिकामा दुईवटा, मोदी गाउँपालिकाका १५ वटा उजुरी परेका छन् । तीमध्ये चार वटा फछ्र्यौट भइसके भने ११ वटा प्रक्रियामा रहेका छन् । यसैगरी विहादी गाउँपालिकाका तीन वटा उजुरी परेकामा दुईवटा फछ्र्यौट भएका र एउटाको छानबिनको क्रममा रहेको छ ।स्थानीय तहका ५६ उजुरीमध्ये २७ वटा फछ्यौंट भइसके भने २९ वटा बाँकी रहेका छन् ।

परेका उजुरीमध्ये सार्वजनिक खरिद ऐन विपरीत वस्तु तथा सामान खरिद गरिएका बढी छन् । त्यसैगरी अनुदानमूलक कार्यक्रममा भएको अनियमितता, राजस्व चुहावट, सामाजिक सुरक्षा भत्ता, अपाङ्गता परिचयपत्र दुरुपयोग, जग्गा अतिक्रमण, विद्यार्थीको दिवा खाजा र छात्रवृत्ति रकम दुरुपयोगजस्ता शीर्षकका छन् ।

त्यसैगरी नक्कली लाइसेन्स र लाइसेन्स नै नभएका व्यक्तिलाई शिक्षकमा नियुक्ति, दैनिक भ्रमण भत्ता, विकास निर्माणका काममा गुणस्तरहिन वस्तु प्रयोग तथा लागत इस्टिमेटअनुसार काम नभएका उजुरीसमेत परेको शाखा प्रमुख अश्मान तामाङले जानकारी दिनुभयो । भ्रष्टाचारमा स्वयं कार्यालयका कर्मचारीको कमजोरी देखिएको छ भने जनप्रतिनिधि, ठेकेदार र व्यवसायीको समेत संलग्नता रहेको पाइएको उहाँको भनाइ थियो । पछिल्लो समय उजुरी पर्ने क्रमसमेत ह्वात्तै बढेको र तीनै तहका सरकारका अधिकारीको विषयमा दुविधा हुँदा पनि उजुरीको सङ्ख्या बढ्दै गएको पाइएको प्रमुख तामाङले बताउनुभयो ।

# छोरेपाटन मा.वि.भू.पू. विद्यार्थी मञ्चको अध्यक्षमा रानाभाट

पोखरापत्र संवाददाता
पोखरा, ३ पुस

पोखरा महानगरपालिका वडा नं १७ मा रहेको छोरेपाटन मा.बि.को पुर्व विद्यार्थीहरुको भेलाले कृष्ण बहादुर रानाभाटको अध्यक्षतामा ११ सदस्यीय छोरेपाटन मा.बि. भू.पू. विद्यार्थी मञ्च गठन गरेको छ ।



मञ्चको वरिष्ठ उपाध्यक्षमा हिमलाल उपाध्याय, उपाध्यक्षमा कृष्ण प्रसाद पोखेल, सचिवमा शालिकराम भण्डारी, कोषाध्यक्षमा कविता गुरुङ, सहसचिवमा ज्योति हमाल, सहकोषाध्यक्ष गणेश घर्ति क्षेत्री, सदस्यहरुमा शिवराज न्यौपाने, केदार पहारी, अमन थापा र रामचन्द्र वराल चयन भएका छन् । कार्यक्रमका प्रमुख अतिथि, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वद्रीनाथ पहारी, प्रधानाध्यापक डिल्लीराम शर्मा भुषाल, पुर्व प्र.अ. लक्ष्मण थापा, विद्यालयका सहायक प्र.अ. खेमराज वराल (ध्रुब) र मेघनाथ पौडेल, विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष श्रीराम सुवेदी, मञ्चका संस्थापक दिपक राज वराल लगाएतले मञ्चले पुर्व विद्यार्थीहरुलाई संगठित गरी विद्यालयको शैक्षिक तथा अन्य गतिविधिमा सहयोग गर्नुपर्ने वताएका थिए ।

पुर्व विद्यार्थी कृष्णबहादुर रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कृष्णप्रसाद पोखेलले र संचालन शालिकराम भण्डारीले गरेका थिए ।

# विद्यार्थीलाई स्टेशनरी सहयोग सहित नगद पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, ३ पुस

अन्नपूर्ण गाउँपालिका वडा नं. ९ तिखेढुङ्गामा रहेको श्री भगवती माध्यमिक विद्यालयमा मंगलबार कमसार्की सुनकुमारी गुरुङ एजुकेसन फाउन्डेसन ट्रष्टबाट विद्यार्थी तथा शिक्षकहरुलाई स्टेशनरी एवम् शैक्षिक सत्र २०७९ मा उत्कृष्ट नतिजा प्राप्त गर्न सफल विद्यार्थीलाई नगद पुरस्कार प्रदान गरिएको छ ।

कार्यक्रममा ट्रष्टका संस्थापक राम बहादुर गुरुङ तथा मधु गुरुङले ग्रामिण भेगमा रहेको यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा पढाइप्रति चासो बढाउन र शैक्षिक उपलब्धी सुधारका लागि आफूहरुले वि.सं. २०७२ देखि वार्षिक रुपमा निरन्तर सहयोग तथा पुरस्कार प्रदान गर्दै आएको बताए । विद्यालयमा अध्ययनरत विद्यार्थी मध्ये प्रत्येक कक्षाबाट बि ग्रेड वा सो भन्दा माथिल्लो ग्रेड ल्याई उत्कृष्ट हुने तिनजना विद्यार्थीलाई नगद पुरस्कार प्रदान गरिएको थियो भने विद्यालयमा अध्ययनरत करिब १५० विद्यार्थी तथा कार्यरत १५ शिक्षकहरुलाई समेत स्टेशनरी सहयोग गरिएको थियो । वार्षिक मुल्याङ्कनका अतिरिक्त प्राथमिक तह तर्फ शैक्षिक सत्र २०७९ मा विद्यालयमा अधिक उपस्थिति भएकी कक्षा ४ की सोनी गुरुङ, उत्कृष्ट गृहकार्य गर्ने कक्षा २ का सौगात वि.क. र प्राथमिक तह तर्फ सर्वोकृष्ट विद्यार्थी अंकिता गुरुङलाई प्रमाणपत्र र नगद पुरस्कारबाट पुरस्कृत गरिएको थियो ।



कार्यक्रममा स्व. कमसार्की गुरुङ तथा स्व. सुनकुमारी गुरुङका साहिँला छोरा कुम बहादुर गुरुङले ग्रामिण भेगका विद्यार्थीहरुले पढ्ने चाहना हुँदा हुँदै पनि विभिन्न समस्याले पढ्न नपाएको अवस्थाप्रति चिन्तित हुँदै भगवती मा.वि.मा कक्षा १२ सम्मको पढाइ सुरु भएकोप्रति हर्ष व्यक्त गरे । उनले भने, "विद्यार्थीले आफूले चाहेको विषय आफ्नै घरमा बसेर पढ्न पाउने वातावरण हुनुपर्छ । यसका लागि शिक्षाप्रेमी, समाजसेवी र सरकार एक भएर लागि पर्नुपर्छ ।" आगामी वर्ष ट्रष्टले आफ्नो स्थापनाको दशौँ वर्ष मनाउन लागेको बताउँदै ट्रष्टका अध्यक्षले सन् २०२४ अक्टोबर १९ मा विशेष समारोहको आयोजना गर्ने बताउँदै विद्यार्थीहरुलाई उत्कृष्ट शैक्षिक उपलब्धी प्राप्त गरी पुरस्कृत हुन र अभिभावकको लगानीलाई सम्मान गर्न अनुरोध गरे । उनले भने, "मैले यो लगानी नितान्त मेरो खातामा भएको रकमबाट मेरा स्वर्गीय बुबा आमाको सम्मानमा गरेको हुँ । तपाईँहरुका अभिभावकले तपाईँहरुको उत्कृष्ट शिक्षाको लागि निरन्तर लगानी गरिरहनुभएको छ । मलाई आशा छ, तपाईँ विद्यार्थीहरुले हाम्रो लगानीको कदर गर्दै आफ्नो भविष्य सुन्दर बनाउन लागिपर्नुहुनेछ ।" ट्रष्टका अध्यक्ष राम बहादुर गुरुङको अध्यक्षता र विद्यालयका प्रधानाध्यापक चन्द्रकुमारी गुरुङको स्वागत मन्तव्यमा भएको उक्त कार्यक्रम विद्यालयका शिक्षक खेम बहादुर पुनको सञ्चालनमा सम्पन्न भएको थियो ।

# शिक्षणबाट अवकाशपछि सुन्तलाखेतीमा

पोखरापत्र संवाददाता
बागलुङ, ३ पुस

धेरै जागिरेहरू अवकाशपछि आराम गर्नुहुन्छ तर यहाँका एक शिक्षक ३७ वर्ष शिक्षण पेसामा बिताउँदासमेत थाक्नु भएन । एकहत्तर वर्षको उमेरमा उत्तिकै जोश जाँगरका साथ उहाँ सुन्तलाखेतीमा रमाउँदै आउनुभएको छ ।

शिक्षक पेसाबाट अवकाश हुनुभएका बागलुङ नगरपालिका-८ सिगानाका किसान अनन्तबहादुर खड्काले अवकाशपछिको समय सुन्तला खेतीमा लगाउनुभएको १० वर्ष भयो । उहाँ सुन्तलाखेतीबाटै वार्षिक रु पाँच लाख आम्दानी गर्न सफल हुनुभएको छ ।

शिक्षक, प्रधानाध्यापक हुँदै स्रोत व्यक्तिबाट अवकाशप्राप्त गर्नुभएका खड्काले मासिक रु ३५ हजार पेन्सन बुझ्दै आउनुभएको छ ।

आफू अहिले किसानका रूपमा सक्रिय भएको भन्दै कृषिबाट सन्तुष्ट बनेको खड्काले बताउनुभयो । उहाँले आठ रोपनी जग्गामा लगाउनुभएको सुन्तला यसपटक चितवनका बजार पुगेको छन् । विगतका वर्षमा धादिङ र पोखराका बजारमा पुगेका सिगानाको सुन्तला चितवनमा पुगेको हो ।

दुई सय सुन्तलाको बोटबाट सुन्तला उत्पादन गरिराख्नुभएका खड्काले अवकाशपछि आफूलाई सुन्तलाखेती समर्पित गराएको बताउनुभयो । "परम्परागत कृषि पेसा पुख्र्यौली थियो, मैले धान फल्ने खेतमा सुन्तला खेती गरेको हुँ, शिक्षक, प्रधानध्यापक हुँदै स्रोत व्यक्ति बने, ३७ वर्ष लामो जागिरपछि सुन्तलाखेतीमा लागेँ, अहिले उत्पादन गरेको सुन्तला चितवनको व्यापारीलाई रु पाँच लाखमा एकमुष्ट बिक्री गरेँ, गत वर्ष सुन्तला बिक्रीबाट रु पाँच लाख कमाएको हो", खड्काल भन्नुभयो । चितवनका व्यापारीले सुन्तला बगैचाबाट नै एकमुष्ट किनेपछि सुन्तला टिप्ने स्थानीय महिलाले समेत रोजगारी पाएका छन् । आगमी वर्ष केही सुन्तलाको रुखले उत्पादन दिन थाल्ने भएपछि सुन्तलाको आम्दानीमा वृद्धि हुने खड्काको भनाइ छ । यस पटक चिवनका सुन्तला व्यापारी शिव सापकोटाले सिगानाको सुन्तला आयात गरिरहनुभएको छ ।

सिगानाको सुन्तला स्वादिष्ट भएको थाहा पाएपछि सापकोटा सुन्तला खरिदका लागि सिगाना पुग्नुभएको हो । सुन्तला गाउँका रूपमा परिचित सिगानाका झण्डै एक सय किसानले सुन्तला फलाउँदै आएका छन् ।

"चितवनको क्षेत्रपुरमा सिगानाको सुन्तला निर्यात भएको छ, हाम्रो सुन्तला लागिसकेपछि अन्य किसानको समेत सुन्तला चितवन लैजाने व्यापारीको भनाइ छ", खड्काले भन्नुभयो, "परम्परागत खेतीभन्दा सुन्तलाखेतीबाट धेरै गुणा राम्रो कमाई गर्न सकिन्छ, सिगानामा मजस्ता धेरै किसान अहिले सुन्तला खेतीमा छन्, सिगानमा सरदर रु तीन करोडसम्मको सुन्तला उत्पादन हुने गर्दछ ।"

पछिल्लो छ वर्षदेखि खड्काले सुन्तलाबाट लोभलाग्दौ आम्दानी गर्दै आउनुभएको छ । खड्कासहित सिगानामा टोपबहादुर खड्का, रामबहादुर खड्कालगायत अन्य किसानले पनि ठूलो परिमाणमा सुन्तला उत्पादन गर्दै आउनुभएको छ ।

# स्थानीय उत्पादन बिक्रीका लागि कोसेली घर

पोखरापत्र संवाददाता
दमौली, ३ पुस

स्थानीय वस्तु बिक्रीका लागि जिल्लाका विभिन्न ठाउँमा कोसेली घर सञ्चालन भएका छन् । तनहुँको देवघाट गाउँपालिका र बन्दीपुर गाउँपालिकामा पालिकाको सहयोगमा कोसेली घर सञ्चालनमा भएका हुन् ।

देवघाट गाउँपालिका-५ का उद्यमशील महिलाहरूले कोसेली घर सञ्चालन गरेका छन् । गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमअनुसार आइतबारदेखि कोसेली घर सञ्चालनमा आएको गाउँपालिकाका उपाध्यक्ष भुवनसिंह गुरुङले जानकारी दिनुभयो । कोसेली घरमा उद्यमशील महिलाले आफूले उत्पादन गरेको हरेक वस्तु ल्याएर बिक्री गर्न सक्नेछन् । देवघाट गाउँपालिकाले विगतमा सञ्चालन गरेका विभिन्न हस्तकला, सिलाइसम्बन्धी कुसन, दुना टपरी बनाउने तालिम प्राप्त गरेका महिलालाई लक्ष्य गरी गाउँपालिकाको स्वीकृत बजेटअनुसार कोसेली घर स्थापना गरेको हो । कोसेली घरमा हस्तकलाद्वारा निर्मित सामग्री ल्याएर बिक्री वितरण गर्न र बाहिरबाट देवघाट घुम्न आउने पाहुना र पर्यटकलाई कोसेलीस्वरुप प्रदान गर्न सकिने गाउँपालिकाका कार्यक्रम अधिकृत कृष्णराज पन्तले जानकारी दिनुभयो । यसैगरी बन्दीपुरमा गाउँपालिका र बन्दीपुर परिश्रमी युवा समूहद्वारा हाम्रो बन्दीपुर कोसेली घर सञ्चालनमा आएको छ । पर्यटकीय नगरी बन्दीपुर घुम्न आउने पाहुनालाई लक्षित गरी कोसेली घर सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बन्दीपुरमा स्वदेशी तथा विदेशी पर्यटक घुम्नका लागि आउँछन् । उनीहरूले बन्दीपुरको चिनारीस्वरुप स्थानीयस्तरमा उत्पादित सामग्री लैजान सक्छन् । यहाँ खाद्यान्नदेखि हस्तकलाका सामग्री बिक्री वितरणका लागि राखिएका छन् ।" जिल्लाको सदरमुकाम दमौलीमा पनि कोसेली घर सञ्चालनमा छ । नेपाल घरेलु तथा साना उद्योग महासङ्घ तनहुँद्वारा सञ्चालित कोसेली घर स्थानीय उत्पादन बिक्री वितरणका लागि प्रभावकारी बनेको छ । महिलालाई उद्यमशीलतामा जोड्न कोसेली घर सञ्चालन गरिएको महिला उद्यमी सङ्घ तनहुँका अध्यक्ष कल्पना गौलीले बताउनुभयो । जिल्लाभरका महिलाले उत्पादन गरेका सामग्री एकै ठाउँबाट बिक्री वितरण गर्न कोसेली घर सञ्चालन गरिएको र यो प्रभावकारी बनेको उहाँको भनाइ छ । कोसेली घरमा डोको, कुचो, भाङ्ग्रो, ढकिया, बाँसका सामग्री, मुढालगायतका सामग्री बिक्री वितरणका लागि राखिएको छ । महिला उद्यमीबाट खरिद गरी ल्याइएका सामग्री कोसेली घरमार्फत न्यून मूल्यमा बिक्री गरिएको गौलीले जानकारी दिनुभयो । उहाँले कोसेली घरबाट बिक्री भएका सामानको दुई प्रतिशत नाफा उद्यमी उद्धार कोषका रूपमा राखिने राससालाई जानकारी दिनुभयो । कोसेली घर सञ्चालनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले रु पाँच लाख सहयोग गरेको थियो । उक्त रकमबाट घर सजावट गरिएको छ । त्यस्तै सोही मन्त्रालयबाट रु दुई लाख सहयोग भएको थियो । उक्त रकमबाट गोदाम निर्माण गरिएको छ । कोसेली घर सञ्चालनका लागि पर्यटन तथा उद्योग कार्यालयले भवन निर्माण गरेर हस्तान्तरण गरेको छ । कोसेली घरमा आठवटा पालिकाका महिला उद्यमीले बनाएका गरेका सामग्री राखिएका छन् ।

# प्रदेश खेलकुद परिषद गण्डकीद्वारा कर्मचारीहरुसँगको बैठक सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ३ पुस

प्रदेश खेलकुद परिषद गण्डकीद्वारा कर्मचारीहरुसंगको बैठक सम्पन्न गरेको छ ।

साविक पश्चिमाञ्चल क्षेत्रिय खेलकुदका कर्मचारी तथा प्रदेशका ११ वटै जिल्लामा कार्यरत जिल्ला खेलकुदका कार्यालय प्रमुखहरुको सम्पन्न संयुक्त बैठकले एक जुट भएर अघि बढ्ने गरि तय भएको परिषदले जनाएको छ । बैठक बारे जानकारी गराउँदै परिषदका सदस्य सचिव श्रीधर शर्माले निकै सोहार्दपूर्ण रुपमा सम्पन्न भएको बैठकले साविक क्षेत्रिय खेलकुदमा कार्यरत कर्मचारीहरु समेत मंगलबारको निर्णय अनुसार अघि बढ्ने गरि तय भएको जनाएका छन् । राष्ट्रिय खेलकुद परिषद अन्तर्गत कार्यरत कर्मचारीलाई प्रदेश खेलकुदका विभिन्न विभाग अन्तर्गत रहि कार्य गर्ने गरी बैठकले तय गरेको जनाउँदै विगतमा देखिएका समस्याहरु संगै बसेर छलफलका आधारमा टुङ्ग्याउने निर्णय समेत भएको उनले जनाए ।

"आजको बैठकले राम्रो सन्देश दिएको छ"-सदस्य सचिव शर्माले भने-"राखेप अन्तर्गत क्षेत्रिय खेलकुदमा कार्यरत ६ जना कर्मचारीहरु अब देखि प्रदेश खेलकुदमा रहेर हामीलाई सहयोग गर्नुहुनेछ।" राखेपले कर्मचारीहरुको समस्या समधान गर्न ओएनएमको कार्यदल समेत गठन गरेर अघि बढीसकेको जनाउँदै सदस्य सचिव शर्माले ओएनएमको प्रक्रियागत रुपमा नसकिए सम्म कर्मचारीहरु प्रदेश अन्तर्गत रहेको विभिन्न विभाग सम्हाल्ने बताए ।

सम्पन्न बैठकमा सीवक क्षेत्रिय खेलकुदमा कार्यरत डिवी नेपालीले ओएनएमले गति नलिंदा कर्मचारीहरुको समस्या वल्झिएको बताउँदै प्रदेश खेलकुद संग मिलेर आफूहरुले कार्य गर्न कुनै समस्या नभएको बताए । उनले भने-"हामीले लामो समय देखि खेलकुद विकासका लागि योगदान दिएका छौं ।

हामी ओएनएम छिटो पारित भएमा सबैका लागि सहज हुने छ । तर पनि हालको अवस्थामा हामी प्रदेश खेलकुद अन्तर्गत रहेर कार्य गर्न कुनै द्विविधा छैन ।" त्यसै गरी साविक क्षेत्रिय खेलकुदका प्रशिक्षण विभाग प्रमुख बलराम लामाले क्षेत्रिय खेलकुदको खारेजी संगै प्रक्रियागत रुपमा कार्य गर्न समस्या भएको जनाउँदै कर्मचारीहरुको समस्या फुकाउन राखेप र परिषदले छिटो पहल गर्नुपर्ने औंल्याए । सम्पन्न बैठकले कर्मचारीहरुको हाजिर साविककै कार्यालयमा रहे पनि त्यसको प्रमाणिकरण भने प्रदेश खेलकुद परिषदले गर्ने भएको छ । साविक क्षेत्रिय खेलकुदका प्रमुख लक्ष्मण प्रसाद योगीलाई प्रशासन तथा समन्वय शाखा, बलराम लामालाई प्रशिक्षण शाखा, ई.अनिल अधिकारीलाई योजना शाखा, डम्वर बहादुर नेपाली (डिवी)लाई प्रशासन, मायाँ गुरुङलाई प्रशासन र प्रशिक्षण शाखा र भोज कुंवरलाई प्रशिक्षण तथा प्रशासन शाखाको जिम्मेवारीमा रहने गरि निर्णय भएको परिषदले जनाएको छ ।

सम्पन्न बैठकमा प्रदेश खेलकुदका कार्यालय प्रमुख तोपलाल भुसाल, लेखा प्रमुख निलकण्ठ ढकाललगायतको सहभागिता रहेको थियो । बैठकमा आसन्न राष्ट्रपति खेलकुद प्रतियोगिता लगायत कार्यालयहरुको व्यवस्थापन, ऐनको कार्यान्वयन, कार्यालय सञ्चालन र व्यवस्थापन, खेल मैदानहरुको व्यवस्थापन तथा संरक्षण, खेलकुद गतिविधी, खेलाडी उत्पादन, जिल्लामा रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीको नामावली संकलनकार्य लगायतका विषयमा छलफल भएको परिषदले जनाएको छ ।

# धार्चेको माछिखोला बजार सिसी क्यामेराबाट निगरानी

पोखरापत्र संवाददाता
गोरखा, ३ पुस

उत्तरी गोरखाको धार्चे गाउँपालिकाको सदरमुकाम रहेको माछिखोला बजारलालाई सिसी क्यामेरामार्फत निगरानी गर्न थालिएको छ । गाँउपालिकाको केन्द्र रहेको माछिखोला बजारमा शुक्रबारदेखि सिसी क्यामेरा जडान गरी निगरानी गर्न थालिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले जानकारी दिनुभयो ।

"माछिखोलामा बजार क्षेत्र विस्तारसँगै सुरक्षाको चुनौती बढेकाले बजारमा सिसी क्यामेरा जडान गरिएको छ," उहाँले भन्नुभयो, "थोरै सुरक्षाकर्मी रहेकाले बजारलाई सुरक्षित राख्न माछिखोला बजारसहित आसपासका सात ठाउँमा सिसीक्यामेरा जडान गरिएको छ ।" अहिले जडान गरिएका क्षेत्रबाहेक आवश्यकताअनुसार अझै बजार क्षेत्रमा क्यामेरा थप गर्दै लैजाने अध्यक्ष गुरुङले जानकारी दिनुभयो । अहिले बसपार्क क्षेत्रमा दुई वटा, रेसेखोला क्षेत्र, जनजागृति स्कुल तथा सो क्षेत्रमा रहेको बजारसमेटिने गरी तीनवटा क्यामेरा जडान गरिएको छ ।

त्यस्तै गाउँपालिका भवन क्षेत्रको उत्तर दक्षिण बजार समेट्ने गरी दुई र तल्लो बजार क्षेत्रमा एउटाका साथै पालिका कार्यालयभित्र थप चार वटा क्यामेरा जडान गरिएको छ । जडान गरिएका सिसी क्यामेरा रातको समयमासमेत स्पस्ट देख्न सकिने क्षमताको रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान सुनारले बताउनुभयो । "माछिखोला बजार क्षेत्रको सुरक्षाका लागि जडान गरिएको क्यामेरा चौविसै घण्टा सञ्चालनमा आउनेछन्", उहाँले भन्नुभयो, "रातदिन सञ्चालन गर्नाका लागि विद्युत्को समस्या नहोस् भनेर सोलारसहित क्यामेरा जडान गरिएको छ । जडान भएका सातवटा क्यामेराले बजार क्षेत्रको सहजै अनुमगन गर्न सकिन्छ।"

क्यामेरा जडानका लागि करिब पाँच लाख रुपैयाँ खर्च भएको गाउँपालिकाले जनाएको छ ।


त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस, पोखरा

सेवा करारमा हेभी सवारी चालक (ड्राईभर)को पदपूर्ति गर्ने सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

यस क्याम्पसका लागि हेभी सवारी चालक(ड्राईभर) पद २ (दुई) व्यक्तिगत सेवा करारमा बढिमा ६ महिनाका लागि पदपूर्ति गर्नुपर्ने भएको हुँदा अदालतबाट कुनै कसुरदार नठहरिएको ईच्छुक, योग्य, नेपाली नागरिकहरुबाट मिति २०८०/०९/१८ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख